का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ पुस २०८१,
बुधबार
18 December, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २९९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# मन्त्रिपरिषद्को निर्णयमा भ्रष्टाचार मुद्दा चल्ने

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को निर्णयमाथि समेत अनुसन्धान गर्न पाउने र भ्रष्टाचार मुद्दा दर्ता गर्न सक्नेगरी कानुन बनाउने विषयमा संसदीय उपसमितिले सहमति जुटाएको हो

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ पुस ।

मन्त्रिपरिषद्को निर्णयमा भ्रष्टाचार मुद्दा चल्नेगरी कानुन बन्ने भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को निर्णयमाथि समेत अनुसन्धान गर्न पाउने र भ्रष्टाचार मुद्दा दर्ता गर्न सक्नेगरी कानुन बनाउने विषयमा संसदीय उपसमितिले सहमति जुटाएको हो ।

नेपालमा लामो समयदेखि मन्त्रिपरिषद्बाट नीतिगत निर्णयको नाममा भ्रष्टाचार हुनेको गरेको भनेर कानुनी व्यवस्थाको विषयमा बहस हुँदै आएको छ । मन्त्रीस्तरीय निर्णय हुन सक्ने विषयलाई समेत मन्त्रिपरिषद्मा लगेर निर्णय गर्ने प्रवृति छ। मन्त्रीस्तरीय निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षत्राधिकारभित्र पर्छ ।

मन्त्रिपरिषद्बाट हुने निर्णयमाथि अख्तियारले अनुसन्धान गरेर भ्रष्टाचार मुद्दा चलाउन नसक्ने प्रचलित कानुनी व्यवस्था छ । यसलाई बदलेर मन्त्रिपरिषद्को निर्णयमा पनि भ्रष्टाचार मुद्दा चल्नेगरी कानुन बनाउने विषयमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गतको संसदीय उपसमितिले सहमति जुटाएको हो ।



संसदीय उपसमितिले मन्त्रिपरिषद्को निर्णय अख्तियारको क्षेत्राधिकारमा पर्ने र मन्त्रिपरिषद्को निर्णयका सम्बन्धमा संलग्नमाथि भ्रष्टाचार मुद्दा चल्नेगरी कानुन बनाउने विषयमा सहमति जुटाएको छ

**हृदयराम थानी**
**संयोजक, संसदीय उपसमिति**

मन्त्रिपरिषद्को निर्णयमा भ्रष्टाचार मुद्दा चल्ने व्यवस्था अख्तियार ऐन संशोधन विधेयकमा राख्न खोजिएको छ, जहाँ नीतिगत निर्णयको परिभाषा र नीतिगत निर्णय नमानिने अवस्थाबारे ब्याख्या गरिएको छ ।

उपसमितिका संयोजक हृदयराम थानीका अनुसार संघीय सरकार र प्रदेश सरकारले गरेका नीतिगत निर्णयबाहेकका निर्णयमा अख्तियारले अनुसन्धान गर्न पाउनेगरी कानुन बनाउन लागिएको हो।

थानी नेतृत्वको समितिले 'सर्वसाधारणलाई समान रूपमा लागू नहुने र सार्वजनिक रूपमा घोषणा भएको नीतिको प्रतिकूल हुनेगरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लागू हुनेगरी गरिएको निर्णय'लाई नीतिगत निर्णय नमान्ने निर्णय गरेको हो ।

संयोजक थानीका अनुसार सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनबमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णयलाई पनि नीतिगत निर्णय मान्न नमिल्ने व्यवस्था गर्न लागिएको छ ।

उपसमितिले कानुनमा कुनै निकाय वा अधिकारीले निर्णय गर्नुपर्ने विषयमा अधिकार क्षेत्र नाघेर मन्त्रिपरिषद्मा लगेर निर्णय गरिएमा त्यसलाई समेत नीतिगत निर्णयको रूपमा लिन नहुने व्याख्या थपेको हो ।

यसअघि बालुवाटारस्थित ललिता निवासको जग्गा अनियमितता प्रकरणमा अख्तियारले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईसँग सोधपुछ गरेको थियो । तर, नीतिगत निर्णय भन्दै दुवैमाथि मुद्दा नचल्ने निर्णय अख्तियारले गरेको थियो।

२०५८ सालमा लाउडा विमान भाडामा भएको भनिएको प्रकरणमा पनि अख्तियारले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई सचेत गराएको थियो । त्यसबेला अख्तियारले तत्कालीन प्रधानमन्त्री कोइरालालाई 'मन्त्रिपरिषद्बाट जथाभावी निर्णय नगर्न' भनेको थियो ।

यस्ता विषय आएका खण्डमा अब भने मन्त्रिपरिषद्को निर्णयमा भ्रष्टाचार मुद्दा चल्नेगरी कानुन बनाउन लागिएको संयोजक थानीले >>> पृष्ठ २ मा

विदेशमा नेपाली श्रमिक

# प्रतिवर्ष १ हजारको मृत्यु

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार सन् २०१४-२०२४ को अवधिमा लगभग ७० हजार आप्रवासीहरु मरेका वा बेपत्ता भएका छन्



**मृत्युका कारण**
- हृदयघात
- आत्महत्या
- प्राकृतिक
- दुर्घटना
- अन्य रोग

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २ पुस ।

१८ डिसेम्बर अर्थात् बुधबार अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस विभिन्न कार्यक्रम गरी संसारभर मनाइँदै छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सप्ताहव्यापी यो दिवस मनाउँदै ५ ।

मन्त्रालयले यस वर्षका लागि 'सुरक्षित आप्रवासनको आधार : सूचना र सीपसहितको रोजगार' भन्ने मूल नारा तय गरेको छ । कामका लागि वैदेशिक रोजगारीमा जाने र तिनका परिवारको अधिकारका लागि यस दिवसले सरकारको ध्यानाकर्षण गराउने गरेको छ ।

अन्तर्राष्ट्रिय आप्रवासन संगठनद्वारा प्रकाशित विश्व आप्रवासन प्रतिवेदन, २०२४ अनुसार विश्वभर अनुमानित >>> पृष्ठ २ मा

## मृत्युका प्रकृति

नेपाली कामदारको ठूलो संख्या खाडी मुलुक र मलेसियामा रहेको छ । वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेको संख्या पनि ठूलो देखिन्छ ।

तर, जानकारहरू र गैरआवासीय नेपालीहरूका अनुसार पोस्टमार्टमको अभावमा आधाभन्दा बढी कामदारको मृत्युको कारण स्पष्ट हुन सक्ने अवस्था छैन। रोजगारदाता मुलुकका अस्पतालले स्वाभाविक मृत्यु वा 'हृदयघात' जस्ता कारण उल्लेख गरेर मृत्युको वास्तविक कारण नखोजी शव नेपाल पठाउने गर्दा मृतकका परिवारलाई लामो समयसम्म प्रियजनको मृत्युको वास्तविक कारणबारे जानकारी नहुने अवस्था छ ।

मृत्युको वास्तविक कारणको खोजीभन्दा सहजै शव बुझ्ने नेपालको कूटनीतिक शालीनताले पनि कामदारको मृत्युको वास्तविक कारण खुल्न नसकेको अवस्था रहेको बताइएको छ।

कार्यस्थलमा शौचालयको पर्याप्त व्यवस्था >>> पृष्ठ २ मा

NPL — आजको खेल

चितवन राइनोज VS कर्णाली याक्स
बिहान ९:०० बजे

सुदूरपश्चिम रोयल्स VS जनकपुर बोल्ट्स
दिउँसो १: ०० बजे

उमागौरी सहकारी प्रकरण

# अञ्जलासहित २६ विरुद्ध पक्राउ पुर्जी जारी



**मध्यान्ह संवाददाता**
काठमाडौं, २ पुस ।

मोरङको उमागौरी कृषि सहकारी संस्थाको ठगी प्रकरणमा जोडिएकी संसद्का लेखा समिति सभापति ऋषिकेश पोखरेल पत्नी अञ्जला कोइरालाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

कोइरालासहित २६ जनाविरुद्ध मंगलबार जिल्ला अदालत मोरङले पक्राउ पुर्जी जारी गरेको हो । कोइराला उमागौरी सहकारीको पूर्वसंचालक हुन् । सहकारी संकटमा परेपछि कोइरालाले ५ माघ २०७८ मा सहकारीबाट राजीनामा दिएकी थिइन् । मोरङको धनपालथान गाउँपालिका- ४ कर्सियामा रहेको यो सहकारीमा कुनै बेला संचालक समिति सदस्य रहेकी कोइराला मोरङ- २ मा निर्वाचित एमाले सांसदसमेत रहेका लेखा समिति सभापति पोखरेलकी पत्नी हुन् ।

*उमागौरीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ११ करोड ५६ लाख ७८ हजार रुपैयाँ ऋण लिएको देखिन्छ । १८ करोड ४० लाख कुल पुँजी देखाइएको सहकारीको वासलात रिपोर्टमा १७ करोड ८७ लाख ४२ हजार रुपैयाँ कर्जा तथा सापट लगानी रहेको देखाइएको छ*

सहकारीको संचालकमा पोखरेलले नै पत्नीको नाम राखेका थिए। शिक्षण पेसामा आवद्ध कोइराला सहकारीको सदस्य हुँदा सहकारीले लघुवित्तबाट ऋण लिने निर्णय गरेको थियो ।

यसअघि नै मुद्दा चलेका तर उपस्थित नभएका २५ जनाको हकमा मोरङ जिल्ला अदालतले 'उपस्थित हुन आउनू' भनी ३५ दिने म्याद जारी गरेको हो । सोही सहकारी प्रकरणमा जोडिएका अन्य १० जनाविरुद्ध भने यसअघि नै पक्राउ पुर्जी जारी भइसकेको थियो । पक्राउ परेकाबाहेक २५ जनाको हकमा म्याद जारी भएको हो ।

उमागौरीले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ११ करोड ५६ लाख ७८ हजार रुपैयाँ ऋण लिएको देखिन्छ। १८ करोड ४० लाख कुल पुँजी देखाइएको सहकारीको वासलात रिपोर्टमा १७ करोड ८७ लाख ४२ हजार रुपैयाँ कर्जा तथा सापट लगानी रहेको देखाइएको छ ।

'अञ्जला कोइरालासहित २६ जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मलेसियामा एफडब्लूसीएमएसबाटै भर्ना प्रक्रिया हुने

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २ पुस ।

मलेसियाले विदेशी कामदार केन्द्रिकृत व्यवस्थापन प्रणाली (एफडब्लूसीएमएस)बाट नै भर्ना प्रक्रिया हुने बताएको छ । गत १६ कात्तिक अर्थात् १ नोभेम्बरदेखि नै एफडब्लूसीएमएसलाई नवीकरण गरिएको भन्दै मलेसियाको गृह मन्त्रालयले सोमबार सूचना जारी गरेको छ ।

मलेसियामा स्वास्थ्य परीक्षणमा फिट भएका कामदारको कलिङ भिसा जारी गर्ने गरिएको हुन्छ । नेपालमा मलेसिया बायोमेट्रिक भनेर चिनिने ३६ वटा स्वास्थ्य परीक्षण संस्था २०७२ सालदेखि नै एफडब्लूसीएमएस प्रणालीमा आवद्ध छन् । मलेसियाले आफ्नो मुलुकमा आउने विदेशी कामदारको गुणस्तरीय स्वास्थ्य परीक्षण सुनिश्चित गर्न एफडब्लूसीएमएस प्रणालीको प्रयोग गरेको बताएको छ।

मलेसिया जाने कामदारले बायोमेडिकल स्वास्थ परीक्षणका लागि ६ हजार ५०० शुल्क लिने गरेका छन्।

नेपाल र मलेसियाबीच ६ वर्षअघि भएको श्रम सम्झौताअनुसार नेपालमा कामदारको स्वास्थ्य परीक्षणका लागि तिरेको शुल्क >>> पृष्ठ २ मा

## व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो

**काठमाडौं/मस–** नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले व्यक्तिगत सम्पर्कको माध्यमबाट वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढेको बताएको छ । महासंघले श्रमिकहरू एजेन्सीमार्फत वैदेशिक रोजगारीका लागि जानुको सट्टा व्यक्तिगत सम्पर्कको माध्यमबाट विदेशिने प्रवृत्ति बढेको र यसले असुरक्षा तथा जोखिमको डरलाग्दो संकेत गरेको बताएको छ।

अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवसको अवसरमा काठमाडौंमा पत्रकार सम्मेलन गर्दै महासंघ अध्यक्ष विनोद श्रेष्ठले जीएसजी (जिफन्ट सपोर्ट ग्रुप) बनाएर श्रमिकहरूको अधिकार संरक्षण गर्ने पक्षमा काम गर्दा व्यक्तिगत सम्पर्कका आधारमा जाने प्रवृत्ति देखिएको बताए ।

विगतमा नेपाली कामदार वैदेशिक रोजगारीका लागि खाडी र मलेसिया मात्र जाने मान्यता रहे पनि अहिले त्यसमा व्यापक परिवर्तन भएर अमेरिकादेखि युरोपसम्म नेपालीहरू कामका लागि पुगेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूलाई >>> पृष्ठ २ मा


## 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले बुधबारदेखि वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू गर्ने भएको छ ।

विभागले वैदेशिक रोजगारीमा जाने कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा औंठाछाप हाजिरी लिँदा अनियमितता भएको भन्दै 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू गर्ने भएको हो। विभागले गत १५ असोजदेखि उक्त प्रणाली लागू गर्ने बताएको थियो । तर, नमुना परीक्षण गरिएको दिन >>> पृष्ठ २ मा

# प्रहरीको इसारा र सिट्टीकै भरमा सवारी

*जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख वकिल सुनारले ट्राफिक नियम जानकारहरूबाट नै प्रहरीको आँखा छल्दै नियम मिच्ने प्रवृति हटाउन एउटै चोकमा धेरै संख्यामा ट्राफिक प्रहरी खटाउन बाध्य हुनुपरेको बताए*



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २ पुस ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा सवारी साधनको चाप बढ्दै गएको छ । सवारी चाप बढेसँगै यहाँ वीरेन्द्रनगर बजार क्षेत्रमा सही तरिकाले बाटो काट्न र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक लाइटको आवश्यकता छ ।

तर, अहिलेसम्म कर्णालीका कुनै पनि बजार क्षेत्र तथा चोकहरूमा ट्राफिक लाइट राखिएका छैनन्, जसले गर्दा यस क्षेत्रका यात्रु तथा चालकले लाइटका बारेमा व्यावहारिक ज्ञानसमेत पाउन सकेका छैनन् ।

ट्राफिक लाइटका रूपमा प्रयोग हुने रातो, हरियो र पहेंलो रङ र यसको अर्थका बारेमा यात्रु र चालकलाई बुझाउनसमेत यसको आवश्यकता भए >>> पृष्ठ २ मा

## जडान गर्ने तयारीमा नगरपालिका

वीरेन्द्रनगरमा ट्राफिक लाइट लगाउने तयारीमा रहेको नगरपालिकाको दाबी छ। वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बाँस्कोटाले नगरपालिका वीरेन्द्रचोकमा तत्कालै ट्राफिक लाइट जडान गर्ने प्रक्रियामा रहेको बताए । उनले केही दिनअघि मात्र वीरेन्द्रचोकमा ट्राफिक लाइट जडान गर्ने कार्यपालिका बैठकमा निर्णय भएको जानकारी दिए ।

'हामीले यसै वर्ष वीरेन्द्रनगरमा लाइट राख्ने निर्णय गरेका छौं, त्यसका लागि एक हप्ताभित्रमा टेन्डर खुलाउँछौं । अरू सबै प्रक्रिया >>> पृष्ठ २ मा

## मन्त्रिपरिषद्को...

जानकारी दिए । 'संसदीय उपसमितिले मन्त्रिपरिषद्को निर्णय अख्तियारको क्षेत्राधिकारमा पर्ने र मन्त्रिपरिषद्को निर्णयका सम्बन्धमा संलग्नमाथि भ्रष्टाचार मुद्दा चल्नेगरी कानुन बनाउने विषयमा सहमति जुटाएको छ', उनले भने ।

राज्य व्यवस्था तथा सुशासन समितिले गत २५ कात्तिकमा अख्तियार ऐन संशोधन गर्न बनेको विधेयकबारे छलफल गर्न संसदीय उपसमिति गठन गरेको थियो ।

१२ सदस्यीय उपसमितिका सदस्यहरूमा सांसदहरू अशोककुमार राई, चन्दा कार्की भण्डारी, दिलेन्द्रप्रसाद बडू, प्रकाश अधिकारी, बुद्धिमान तामाङ, रघुजी पन्त, राजेन्द्रप्रसाद पाण्डे, लीलानाथ श्रेष्ठ, सरिता प्रसाईं, सर्वेन्द्रनाथ शुक्ला र हितराज पाण्डे सदस्य छन् ।

यही उपसमितिलाई भ्रष्टाचार ऐन संशोधन विधेयकमाथि छलफल गर्ने जिम्मेवारी दिइएको थियो ।

दुवै विधेयकको प्रतिवेदन उपसमितिले मूल समितिमा बुझाएको छ । संसदीय उपसमितिले पास गरेको यो व्यवस्था समितिबाट पारित भएर अगाडि बढेर संसद्ले स्वीकार गरेको खण्डमा मन्त्रिपरिषद्को निर्णयमा भ्रष्टाचार मुद्दा चल्ने छ ।

## प्रतिवर्ष...

२८ दशमलव १ करोड मानिसहरू आप्रवासी रहेका र त्यसमध्ये आप्रवासी कामदारको संख्या करिब १७ करोड छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार सन् २०१४-२०२४ को अवधिमा लगभग ७० हजार आप्रवासीहरू मरेका वा बेपत्ता भएका छन् । वैदेशिक रोजगार बोर्ड सचिवालयका अनुसार आर्थिक वर्ष २०६५/०६६ देखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १४ हजार २१३ जना नेपाली कामदारको पनि मृत्यु भएको छ ।

वैदेशिक रोजगारीका क्रममा अंगभंग, मानसिक समस्या भएका कतिपय बिरामी अस्पतालमै छन् । वैदेशिक रोजगारीमा जाने नेपाली कामदार र उनीहरूका परिवारले चर्को सामाजिक मूल्य चुकाउनुपरेका कतिपय अध्ययनले उजागर गरेका छन् ।

## मृत्युका...

नहुँदा कतिपय कामदार लामो समय पिसाब च्यापेर बस्ने र कतिपय कामदारले पर्याप्त पानी पिउन नपाउँदा कलिलो उमेरमा नै मिर्गौला गुमाउने अवस्थामा पुगेका छन् ।

चिसो हावापानीमा हुर्केका नेपाली अस्वाभाविक गर्मी (हिट स्ट्रेस)ले प्रजनन क्षमतामा पनि ह्रास आइरहेको नेपाली चिकित्सकहरू बताउँछन् ।

## अञ्जलासहित...

हो', अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले भने, '२७ मंसिरमा अभियोगपत्र दायर भएको थियो । सोहीअनुसार पक्राउ पुर्जी जारी भएको हो ।'

इलाका प्रहरी कार्यालय रंगेलीले यो विषयमा अनुसन्धान गरी प्रतिवेदन बुझाएको थियो । सोही आधारमा सरकारी वकिलको कार्यालय मोरङले पोखरेल पत्नी अञ्जला र सहकारीका अध्यक्ष शम्भु रौनियारसहित २६ जनाविरुद्ध २२ करोड रुपैयाँ बिगोसहित मुद्दा दर्ता गरेको थियो । यसअघि कोइरालाविरुद्ध सहकारी ठगीमा जिल्ला अदालत मोरङमा मुद्दा दायर भएको थियो ।

ठगी प्रकरणमा २६ प्रतिवादीमध्ये रोशन राजवंशीलाई थुनामा पठाउन अदालतले आदेश दिएको थियो । सरकारी वकिल कार्यालयका अनुसार सहकारीको २२ करोड रुपैयाँ बिगो माग दाबी गरिएको छ ।

प्रतिवादीहरू उमागौरी कृषि सहकारीका अध्यक्ष शम्भुप्रसाद रौनियार, उपाध्यक्ष लक्ष्मण साह रौनियार, सचिव आलम अनसारी मिया, कोषाध्यक्ष शम्भुप्रसाद सिंह, सदस्यहरू आमोदकुमार मण्डल, जितमान ठाकुर, लेखा समिति संयोजक विजयकुमार यादव, लेखा समितिका सदस्यहरू सुरेन्द्रकुमार राजवंशी, अशोककुमार विश्वास फरार छन् ।

त्यस्तै, संचालक समितिकी पूर्वउपाध्यक्ष दिलमाया राई, प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती एवं पूर्वसंचालक समिति सदस्य अञ्जला कोइराला, पूर्वउपाध्यक्ष उपासी राजवंशी, लेखापाल सोनु यादव, पूर्वकर्मचारीहरू मोहमद नजाम उद्दिन, चम्पा गिरी, पूर्वउपाध्यक्षहरू शम्भुप्रसाद सिंह, सन्तलाल खवास, सुमन लोहनी, पूर्वसहसचिव लक्ष्मीदेवी कार्की राजवंशी, पूर्वसदस्य ज्योति बाँस्कोटा, पूर्वसंचालक समिति सदस्यहरू मित्रप्रसाद शिवाकोटी, शरद् सिंह, मो. नसरुद्दिन, मनोजकुमार सोनी र यशोदाकुमारी राजवंशीलाई फरार प्रतिवादी बनाई जिल्ला सरकारी वकिलको कार्यालय मोरङले अभियोग दायर गरेको थियो ।

योगिता शर्मा बाँस्तोलाको जाहेरीमा दायर भएको उक्त मुद्दा सहकारी ऐन, २०७४ को दफा १२२ अनुसार प्रतिवादीअन्तर्गतको कसुर अगाडि बढाइएको छ ।

सर्वसाधारणको बचत तथा ऋण अपचलन गरेपछि करिब डेढ वर्षयता सहकारीको कार्यालय बन्द छ । अनुसन्धानमा असहयोग गरेको भन्दै प्रहरीले १४ कात्तिकमा सहकारीको कार्यालयको ताला फोडेर कागजात जफत गरेको थियो ।

## मलेसियामा...

रोजगारदाताले पहिलो महिनाको तलबसँगै फिर्ता गर्ने गरेका छन् ।

नेपालका लागि मलेसियाका कार्यबाहक राजदूत मोहमद फिरदोस अजमानले गत हप्ता नेपाल स्वास्थ्य व्यवसायी महासंघको १९औं साधारणसभामा शुभकामना मन्तव्य राख्दै एफडब्लूसीएमएस प्रणालीमा आवद्ध नेपाली स्वास्थ्य संस्थाहरूको स्वास्थ्य परीक्षण उपलब्धिमूलक देखिएको भन्दै त्यसले मलेसियाली श्रम बजारमा प्रवेश गर्ने श्रमिकहरूलाई स्वस्थ, तन्दुरुस्त राख्न, स्वास्थ्य जोखिमहरू कम गर्न र सुरक्षित अवस्थामा काम गर्ने वातावरण प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताएका थिए ।

## व्यक्तिगत...

अनिवार्य रूपमा सामाजिक सुरक्षामा योगदान गर्नुपर्ने व्यवस्थाले केही राम्रो गरेको बताए ।

हाल गर्दा १३ लाख १ हजार ७८ जना श्रमिकहरू कोषका योजनामा सूचीकरण भएको जानकारी दिँदै अध्यक्ष श्रेष्ठले तर उनीहरूको योगदान नियमित हुन नसकेकाले योगदानकर्ता श्रमिक स्वयं र परिवारजन सुविधाबाट बञ्चित हुनुपरेको बताए ।

उनले भने, 'युरोपदेखि अमेरिकासम्म पुगेका नेपाली श्रमिकलाई सहयोग गर्न सबै देशमा जिफन्ट सपोर्ट ग्रुप बनाएर काम गरिरहेका छौं ।'

अध्यक्ष श्रेष्ठले कोरियाको लागि इ-७ भिसामा दक्ष कामदार पठाउन निजी क्षेत्रलाई अघि सार्ने कुरामा जिफन्टको विरोध रहेको भन्दै जापान, स्पेन, पोर्चुगल, रोमानिया, जर्मनीलगायतका मुलुकहरूमा समेत सरकारले नै कामदार पठाउँदा श्रमिकको हित हुने दाबी गरे ।

## फेसटाइम...

नै प्रणालीले काम नगरेपछि दसैंपछि अर्थात् २९ असोजदेखि प्रणाली अनिवार्य रूपमा प्रयोगमा ल्याउने भन्दै सोहीअनुसारको तयारीमा रहन अभिमुखीकरण व्यवसायीहरूलाई आग्रह गरेको थियो ।

प्रणालीमा समस्या उत्पन्न भएपछि विभागले समय सार्दै ३ पुसदेखि उक्त प्रणाली लागू गरेको छ । विभागका महानिर्देशक सूर्यबहादुर क्षेत्रीले सबै तयारी पूरा भएकाले बुधबारदेखि 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली लागू हुनेमा शंका नरहेको बताए ।

हाल १४३ अभिमुखीकरण संस्थाले वैदेशिक रोजगारीमा जाने कामदारलाई वैदेशिक रोजगारीमा उड्नु अगाडि अभिमुखीकरण तालिम दिने गरेका छन् । नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले व्यवसायीले झण्डै १३ करोड खर्च गरेर अन्य पूर्वाधारसहित सिस्टम जडान गरिसकेका बताएको छ ।

## प्रहरीको...

पनि यसका बारेमा सरोकारवाला निकायको ध्यान पुग्न सकेको छैन । ट्राफिक प्रहरीको आँखा छलेर नियम मिच्ने प्रवृत्ति धेरै सवारी चालकमा रहेकाले ट्राफिक व्यवस्थापन गाह्रो हुने गरेको ट्राफिक प्रहरीहरूकै गुनासो छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख वकिल सुनारले ट्राफिक नियम जानकारहरूबाट नै प्रहरीको आँखा छल्दै नियम मिच्ने प्रवृत्ति हटाउन एउटै चोकमा धेरै संख्यामा ट्राफिक प्रहरी खटाउन बाध्य हुनुपरेको बताए ।

बजारका मुख्य चोकमै सवारी साधन व्यवस्थित गर्न नियमित रूपमा २-४ जनासम्म ट्राफिक प्रहरी खट्दै आएका छन् । सडकमा ट्राफिक लाइटको व्यवस्था नहुँदा ट्राफिक प्रहरी हातकै इशारामा सवारी साधन व्यवस्थापन गर्न बाध्य छन् ।

प्रहरी प्रमुख सुनार वीरेन्द्रनगरमा ट्राफिक लाइट अतिआवश्यक भएको बताउँछन् । ट्राफिक लाइटले यातायात व्यवस्थामा अझै सहजता ल्याउने र जनमानसमा नियमको पालना गर्ने मानसिकताको विकास गर्न मद्दत गर्ने भएकाले ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउन ट्राफिक लाइटको महत्त्वपूर्ण भूमिका रहेको उनको भनाइ छ ।

उनले यहाँ ट्राफिक लाइटको व्यवस्था गर्न सकेमा धेरैलाई आधारभूत ज्ञान हुने र अन्य ठूला शहरमा जाँदा सहज हुने बताए ।

'म्यानुअलभन्दा ट्राफिक लाइटले काम गर्दा सहज हुन्छ', उनले थपे, 'यहाँ लाइट भएको भए बजार यति अव्यवस्थित हुने थिएन । साथै, दुर्घटनामा पनि धेरै मात्रामा कमी आउने थियो ।'

एनका अनुसार सुर्खेतमा ४० हजारभन्दा बढी सवारी साधन दर्ता छन् । त्यसमध्ये ९० प्रतिशत वीरेन्द्रनगरकै सडकमा गुड्छन् । तर, ती सबै सवारी साधन प्रहरीको हातको इसारा र सिट्टीमा भर पर्नुपर्ने बाध्यता छ ।

## जडान...

पूरा भइसकेको छ', उनले मध्यान्हसँग भने । अधिकृत बाँस्कोटाले वीरेन्द्रचोकमा लाइट जडानका लागि २५ लाख रुपैयाँसमेत विनियोजन गरिसकेको जानकारी दिए ।

### ५ ठाउामा अर्को वर्ष

प्रमुख प्रशासकीय अधिकृत बाँस्कोटाले यस वर्ष वीरेन्द्रचोकमा लाइट राख्ने र अर्को वर्ष यहाँका विभिन्न ५ ठाउँमा लाइट राख्ने जानकारी दिए । उनले अर्को वर्ष पिपिरा चोक, एयरपोर्ट, बसपार्क, मंगलगढी र यरीचोकमा लाइट राख्ने तयारी गरेको जानकारी दिए ।

'केही दिन अगाडि मात्र कार्यपालिकाको बैठक बसेर वीरेन्द्रचोकमा यसै वर्ष र अरू ५ ठाउँमा अर्को वर्ष लाइट राख्ने भनेर निर्णय भएको छ', उनले भने, 'ट्राफिक लाइट संचालन गर्न आवश्यक सहयोग गर्ने भन्ने हिसाबले यातायात व्यवस्था विभागबाट पनि पत्र आइसकेको छ । सम्भवतः अब एक हप्तामा हामीले प्रक्रिया सुरु गर्छौं ।'

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
**Local Infrastructure Development Project Office)**
**Karnali Province, Birendranagar, Surkhet**

**Invitation for Bids**

**Date of First Publication: 2081/09/03 (18th Dec, 2024)**

Local Infrastructure Development Project Office (LIDPO), Surkhet invites electronic bids only from Nepalese eligible bidders for the Construction and Upgrading of Various Road works as follows Contract Identifications under National Competitive Bidding procedures. Eligible Bidders may download the bidding documents for e-submission from PPMO's Website http://www.bolpatra.gov.np/egp. Pre-bid meeting shall be held at LIDPO, Surkhet on **2025/01/08** at 13:00 Hrs. Electronic bids must be submitted through PPMO website on or before 12:00 Hrs on **2025/01/17**. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on **2025/01/17** at LIDPO, Surkhet.

***IFB Identifications:***

1) LIDPO/SKT/IFB/WORKS/NCB/02/2081/82
2) LIDPO/SKT/IFB/WORKS/NCB/03/2081/82
3) LIDPO/SKT/IFB/WORKS/NCB/04/2081/82
4) LIDPO/SKT/IFB/WORKS/NCB/05/2081/82

**Office Chief**

**नेपाल सरकार**
**शहरी बिकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण बिभाग**
**सघन सहरी तथा भवन निर्माण आयोजना**
**झापा**

**बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

**(प्रकाशित मितिः२०८१-०९-०३)**

यस कार्यालयबाट तपसिल बमोजिमको योजनाहरूको बोलपत्र आव्हान गरिएको सूचना बमोजिम E–GP मार्फत पेश हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनका लागि बोलपत्र स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| SN | Contract Id | Project Name | Lowest Responsive Bidder | Bid Amount (Without VAT & With PS) |
|---|---|---|---|---|
| 1. | PUDBC/JHAPA/WORKS /NCB/12/81-82 | Infrastructure Development work in domalal Stadium Birtamode -3, Jhapa | Prithwi Nirman Sewa (Dangibari, Jhapa) | 57,38,806.65 |
| 2. | PUDBC/JHAPA/WORKS /NCB/13/81-82 | Upgradation of Road from Mahendra Highway-City Hospital- Atithi Sadan Birtamode-01, Jhapa | Roshu/ Ocean J.V. (Birtamode -07) | 79,48,561.65 |
| 3. | PUDBC/JHAPA/WORKS /NCB/14/81-82 | Upgradation of Jagat Basti-Baisabadi Road Birtamode, Jhapa | Prithwi Nirman Sewa (Dangibari, Jhapa) | 67,06,439.73 |
| 4. | PUDBC/JHAPA/WORKS /NCB/15/81-82 | Upgradation of Road Dhimal Chowk East Pragati Marga Birtamode-5, Jhapa | Kankai Nirman Sewa (Gaighat) | 67,72,806.76 |
| 5. | PUDBC/JHAPA/WORKS /NCB/16/81-82 | Construction Of Mohan Maya Secondary School Building Birtamode-2, Jhapa | P.K.Nirman Sewa (Bhadrapur -06) | 62,06,604.64 |
| 6. | PUDBC/JHAPA/WORKS /NCB/17/81-82 | Road Upgradation of Jagriti Marga at Bhadrapur Municipality ward no.7, Jhapa | Himalparbat Engineering Construction (Bhadrapur -09) | 58,25,577.00 |
| 7. | PUDBC/JHAPA/WORKS /NCB/18/81-82 | Road Upgradation of Nariwalgaachi Rajbanshi chowk to Prabhudham at Gauradaha Municipality-8, Jhapa | Jay Manjushree Construction (Gauradaha -07 Jhapa) | 63,16,664.50 |
| 8. | PUDBC/JHAPA/WORKS /NCB/19/81-82 | Road Upgradation of Nilkantha tole at Damak Municipality-07, Jhapa | Om.Nirman Sewa (Damak -10, Jhapa) | 1,05,57,490.00 |
| 9. | PUDBC/JHAPA/WORKS /NCB/20/81-82 | Road Upgradation of Goldhap bazar to Srijana Chowk at Haldibari1, Jhapa | Himalparbat Engineering Construction (Bhadrapur -09) | 60,71,017.00 |
| 10. | PUDBC/JHAPA/WORKS /NCB/22/81-82 | Road Upgradation work of Unyautar-Mahendrabeshi- Targaun-Mechirajmarga Suryodaya Nagarpalika, Ilam | Kanchanjunga Nirman Sewa and Suppliers Pvt. Ltd. (Suryodaya-10, Ilam) | 52,44,410.98 |
| 11. | PUDBC/JHAPA/WORKS /NCB/23/81-82 | Road Upgradation of Godak Ghatta (Ilam Nagarpalika-10)- Katuse (Suryodaya Nagarpalika-14) Ilam | Kanchanjunga Nirman Sewa and Suppliers Pvt. Ltd. (Suryodaya-10, Ilam) | 68,41,368.12 |
| 12. | PUDBC/JHAPA/WORKS /NCB/24/81-82 | Road Upgradation work of bajradevi-sukrabare-gupti maijogmai nagarpalika, Ilam | Pratikshya Nirman Sewa (Suryodaya, Ilam) | 45,30,598.99 |
| 13. | PUDBC/JHAPA/WORKS /NCB/25/81-82 | Road Upgradation work of dudh chisyaan-melbote-dandagaun-gumba danda-chureghati and barbote covered hall parking-swathya chauki-ward karyalaya Ilam nagarpalika, Ilam | Basanta Nirman Sewa (Ilam -08) | 52,82,228.42 |
| 14. | PUDBC/JHAPA/WORKS /NCB/26/81-82 | Construction of Aadharbhut school at Dashrathpur tole, Bhadrapur Municipality 01, Jhapa | Kumbakarna Construction (Phidim -01, Pachthar) | 60,83,801.40 |
| 15. | PUDBC/JHAPA/WORKS /NCB/27/81-82 | Road upgradation of swami chowk to Daamuna and Katakpur chowk to east Rajmati chowk Dhardhare Chuiramill Jorghare road Majhuwa at Gauradaha Municipality, Jhapa | Kirat koyu Construction Pvt.Ltd (Kamal Rural Municipality-04, Jhapa) | 1,07,21,446.35 |
| 16. | PUDBC/JHAPA/WORKS /NCB/28/81-82 | Construction of khajurgachhi ma.Vi. School at Gauriganj 06, Jhapa | Deshantar Nirman Sewa (Biratnagar -12, Morang) | 67,77,414.20 |
| 17. | PUDBC/JHAPA/WORKS /NCB/29/81-82 | Construction of Janata Primary School at Chillara Gauriganj 05, Jhapa | Deshantar Nirman Sewa (Biratnagar -12, Morang) | 64,54,429.60 |
| 18 | PUDBC/JHAPA/WORKS /NCB/30/81-82 | Construction of urban infrastructure in Gauriganj Rural Municipality, Jhapa | Manakamana Nirman Sewa (Shivasatakshi -02) | 62,47,101.65 |

**आयोजना प्रमुख**

# अपांगता उत्तरदायी बजेट निर्माणको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ पुस

सरकारले ल्याउने बजेट अपांगतामैत्री हुन नसकेको भन्दै अपांगताका क्षेत्रका सरोकारवालाहरूले अपांगता उत्तरदायी बजेट निर्माणको माग गरेका छन् ।

अपांगता अधिकार कोष (डिआरएफ) को सहयोगमा राष्ट्रिय अपांग महासंघ, कोशीलगायत संघसंस्थाको संयुक्त आयोजनामा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा सहभागीले स्थायित्व र अपांगमैत्री बजेट निर्माणको माग गरे ।

कार्यक्रममा व्यवस्थापिका संसद्को अर्थ समितिका सभापति सन्तोष चालिसेले आगामी दिनमा सरकारकाले ल्याउने बजेट अपांगमैत्री ल्याउन पहल गर्ने प्रतिबद्धता जनाए । उनले प्रि-बजेटमाथिको दफावार छलफलकै क्रममा अपांगता भएका दुई जना विज्ञहरूलाई सहभागी गराएर सुझाव दिइने बताए । सभापति चालिसेले अपांगताको क्षेत्रमा विशेष बजेटको लागि पहल गर्ने प्रतिबद्धता पनि जनाए । राज्यले अपांगता भएका व्यक्तिहरूका लागि न्यानोपन दिन सक्नुपर्नेमा उनको जोड थियो ।



राष्ट्रिय समावेशी आयोगका सदस्य हरिदत्त जोशीले अपांगता भएका व्यक्तिहरूले अबका दिनमा स्वरोजगारतिर ध्यान दिनुपर्ने बताए । उनले अपांगताका क्षेत्रमा तीन तहका सरकार बीचमा संयन्त्र बनाएरै काम गर्न आवश्यक रहेको बताए । अपांगता भएका वर्गका लागि नीतिगत तहमै सुधारको खाँचो रहेको उनको भनाइ छ ।

राष्ट्रिय सभाका पूर्वसांसद प्रकाश पन्तले अपांगता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयनमा जोड दिनुपर्ने बताए । उनले पछिल्लो समय अपांगता भएका व्यक्तिहरूको अभियान 'प्रोजेट'मा अलमलिएको भन्दै पैसा नभए पनि थुप्रै काम गर्न सकिने बताए ।

डिआरएफका कार्यक्रम अधिकृत कृष्ण सुनारले प्रत्येक वर्ष सरकारले अपांगताका क्षेत्रमा छुट्याएको बजेटका विषयमा व्यवस्थित रूपमा समीक्षा हुन नसकेको बताए । उनले सरकारले ल्याउने बजेट अपांगता उत्तरदायी, समावेशी र सीआरपीडीलाई टेकेर ल्याउन नसकेको बताए ।

यस्तै कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयकी शाखा अधिकृत प्रेम कुमारी पौडेलले मन्त्रालयले अपांगता भएका व्यक्तिहरूको शिक्षाको क्षेत्रमा काम गरिरहेको बताइन् । उनले बजेटको विषय अर्थमन्त्रालयसँग जोडिएको भन्दै मन्त्रालयले अपांगताका क्षेत्रमा विशेष प्राथमिकताका साथ काम गरिरहेको बताइन् ।

कार्यक्रममा कोशिशकी शर्मिला पराजुलीले 'नेपालको अपांगता उत्तरदायी बजेट २०८०/०८१'को अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै सरकारले अपांगता समुदायका लागि विनियोजन गरेको बजेट अपर्याप्त र असमानुपातिक तथा अन्ययपूर्ण रहेको बताइन् ।

कार्यक्रमकी सभापति राष्ट्रिय अपांग महासंघकी वरिष्ठ उपाध्यक्ष सत्यदेवी वाग्लेले अपांगमैत्री बजेट ल्याउन लविङसँग छोड्न नहुने बताइन् ।

कार्यक्रममा सहभागीहरूले अपांगताका लागि छुट्याइएको बजेटमा सबैभन्दा बढी पहुँच कसको छ भन्ने विषयमा पनि अध्ययनको खाँचो रहेकोमा जोड दिएका थिए ।

## आवत-जावत सहजको माग राख्दै ज्ञापनपत्र

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २ पुस

नेपाल भारत सीमावर्ती क्षेत्रका बासिन्दाहरुलाई चारपांग्रे सवारी साधन लिएर सहज रुपमा नेपाल-भारततर्फ आवत-जावत गर्न पाउनुपर्ने माग राख्दै ईशनाथ नगरपालिकाले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाएको छ । नगरप्रमुख कौशल्या देवी, उपप्रमुख मोहम्मद प्रवेज, वडाध्यक्षहरु तमजुल खाँ, धर्मेन्द्र साह, शत्रुघन सिंह, शेख अब्दुल खालिक र जवाहिरलाल साहले संयुक्त रुपमा हस्ताक्षर गरी प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीलाई ज्ञापन पत्र बुझाएका हुन् ।

नगरपालिका वडा नम्बर १ बन्जरहा, २ औरैया र ४ लतमरी टोल नजिक रहेका नेपाल-भारत सीमाबाट चारपांग्रे सवारी साधन विगतमा आवत-जावत हुने गरेको भएपनि पछिल्लो केही समयदेखि उक्त सीमाहरुबाट चारपांग्रे सवारी साधन आवत-जावत गर्न बन्द भएको छ । यसरी आवत-जावत बन्द हुँदा दुवै देशका नागरिकबीचको पारिवारिक सम्बन्ध प्रभावित भएको भन्दै ध्यानाकर्षण गराइएको छ । नेपाल-भारतको खुल्ला सीमाना भएकोमा दुवै देशका जनताहरुबीच पारिवारिक सम्बन्ध, आपसी भाइचारा, सद्भाव कायम रहोस् र दुबै देशका नागरिक बीचको रोटीबेटीको सम्बन्धमाथि कुनै खलल नपुगोस् भन्दै प्रजिअलाई ध्यानाकर्षण गराइएको नगरप्रमुख देवीले बताइन् ।

**Secretariat of Provincial Assembly**
**Lumbini Province**
Rapti valley (Deukhuri), Dang
Notice for Invitation of Bid
**First Date of Publication: 2081-09-03**

1. The secretariat of provincial assembly Lumbini province Rapti valley Deukhuri Nepal invites electronic bids from eligible bidders for the following construction work under National Competitive Bidding – Single Stage Single envelope bidding procedures.

| S. N. | Name of Project | Contract No. | Cost of Bid Document (Nrs.) | Cost Estimate without VAT and Contingency | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | Various construction and maintenance works at the residence of the Speaker in Barakhuti, Dang | SOPA/WORKS/NCB/2081/082-02 | 3000 | 3425649.09 | 100000 |

2. Eligible bidders may obtain further information from secretariat of provincial assembly Lumbini province Rapti Valley (Deukhuri), Dang, Tel No: 082-590427, 9857063991 Email: assembly.state5@gmail.com or may visit PPMO website: www.bolpatra.gov.np under the name of public entity "secretariat of provincial assembly Lumbini province".

**- Secretary**

## कृषि उत्पादन बिक्रीको सुनिश्चितका लागि सम्झौता

**ललित बोहरा/मध्यान्ह**
बैतडी, २ पुस ।

पछिल्लो समयमा बैतडीको सिगाज र सुर्नया गाउँपालिकामा कृषि पेसा गर्ने किसानहरूको संख्या बढ्दै गएको छ । साथै कृषि उपजको उत्पादनपनि वृद्धि हुँदै गएको छ । तर, किसानहरूलाई आफ्नो उत्पादन बिक्रीको चिन्ता भने छैन ।



यी पालिकामा व्यावसायिक कृषि पेसा गर्ने किसानहरूको उत्पादनको बजार सुनिश्चितताको पहल गर्ने उद्देश्यले सामाजिक चेतना तथा विकास संघ (साडा) नेपालले दिगो आम्दानीमार्फत् महिला उद्यमीहरूको सशसक्तीकरण परियोजनामार्फत् कृषक र तरकारी व्यवसायीबीच द्विपक्षीय सहमती गराएको छ । सो सम्झौताअनुसार अब यी पालिकाका किसानहरूले आफ्नो उपजको उचित मूल्य प्राप्त गर्न सक्छन् । सो सँगै सिगास गाउँपालिका १, दुदलखानाका किसानहरुरूलाई समेत आफ्नो उत्पादनलाई लिएर घर घरमा पुग्नपर्ने बाध्यता हट्ने भएको छ ।

अहिलेसम्म यहाँ उत्पादित तरकारी डडेल्धुरा, कैलाली, कञ्चनपुर र नेपालगजसम्म पठाउने गरिएको व्यापारी हरिष भट्टले बताए । सम्झौतासँगै किसानहरूलाई मूल्य र व्यापारीहरूलाई तरकारी खोज्न समस्या नहुने उनले बताए । कृषकलाई बजार र मूल्यमा समस्या नहोस भन्ने उद्देश्यले उक्त सम्झौता गरिएको हो ।

कृषि उपजको बजार मूल्य कृषकले आफ्नो मोबाईलमै देख्न पाउने भएपछि मूल्य निर्धारण पनि कृषकले नै गर्न सक्छन् । जियो कृषि एप्लिकेसनमा कैलालीको बजारको दैनिक दररेट अपडेट हुने र बैतडीमा बिक्री गर्ने दररेटपनि निर्धारण गर्न किसानलाई सहज हुने अवस्था सिर्जना भएको छ । साथै व्यवसायीले पनि किसानसँग गरिने खरिद दर बिक्रीदरको विषयमा सोही एप्लिकेसनमार्फत् पहिल्यै निर्धारण गर्न सक्नछन् । क्रेता र बिक्रेता दुवै पक्षलाई अधिकतम् र न्यूनतम् दररेटका बिषय प्रष्ट भएपछि खरिद बिक्री सहज भएको कृषक सुस्मा बिष्टले बताइन् ।

परियोजनाले प्रविधिसँग जोड्न २० वटा समूहका किसानहरूलाई जियो कृषि एप्लिकेसन स्मार्ट मोबाईलमा चलाउने तरिकाको विषयमा अभिमुखीकरण प्रदान गरेको छ । जियो कृषिबाट कृषकले बजारको अवस्था, मौसमको अवस्था, रोगकिरा पहिचान तथा घरेलु उपचार तथा सिधै जियो कृषिका कर्मचारीसँग कुराकानी गरेर समेत समस्याको समाधान गर्न सिकेका कृषक बिष्टको भनाइ छ ।

कृषकलाई तरकारी, बाली लगाउने तरिकाको ज्ञान, रोग किरा, लागेको तत्काल घरेलु उपायबाट समाधान गर्न सहज भएको साडा नेपालका कार्यक्रम अधिकृत भुपाल बोहराले बताए । उनले भने, 'कृषिलाई हामीले बिचौलियाबाट जोगाउन, कृषि उपजको उच्च मूल्य दिएर कृषि खेतीतर्फ आकर्षण बढाएका छौ ।'

सो परियोजनाले महिला उद्यमीहरूको क्षमता अभिवृद्धि, विभिन्न सिपमूलक तालिम सञ्चालन, सहकारी संस्थाहरूलाई सहयोग, दुग्ध उद्योग स्थापना लगायतका क्षेत्रमा उक्त रकम खर्च गरिएको साडा नेपालका प्राविधिक दिपेश धामीले बताए । सामाजिक लेखा परीक्षण कार्यक्रममा सहभागी भएकाहरूले परियोजनामार्फत् सञ्चालित कार्यक्रमले आफूहरूको जीवनमा महत्वपूर्ण परिवर्तन आएको बताएका छन् ।

सरोकारवाला निकायहरूसँग आफ्ना मागहरू राख्न सक्ने क्षमताको विकास हुनुका साथै आधुनिक कृषि प्रविधिका विषयमा परियोजनामार्फत् सिकाइ भएको सुर्नया-७ की देवकी बिष्टले बताइन् । उनले भनिन्, 'यो परियोजनामार्फत् धेरै सिकाइ भएको छ । हामीमा आत्मविश्वास बढेको छ । यताउता आफैं जान सक्ने भएका छौं, आधुनिक कृषि प्रविधिको जानकारी पाएका छौं ।'

परियोजनामार्फत् सञ्चालन भएका क्रियाकलापहरूले सुर्नया-८ को ग्रामीण क्षेत्रलाई मदिरा निषेधित क्षेत्र घोषणा गर्न सफल भएको बताउँदै स्थानीय कलावती बोहराले उक्त कार्यलाई निरन्तरता दिन स्थानीय सरकार अग्रसर हुनुपर्ने बताइन् ।

कार्यक्रममा सुर्नया गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष मदनराज अवस्थीले साडा नेपालले स्थानीय सरकारको साझेदारको रुपमा रहेर काम गरेको र यसले स्थानीय नागरिकको जिविकोपार्जनमा सहयोग पुगेको बताए । उनले भने 'स्थानीय सरकारको लक्ष्य र उद्देश्य परि पूर्ती गर्न साडा नेपालले सहयोग गरेको छ, यो परियोजनामार्फत् स्थानीय नागरिकलाई धेरै फाइदा भएको छ ।'

**Vacancy Announcement**

We are hiring for the following position urgently.

- Receptionist: 2 (Female)
- Operation Manager: 3 (Male & female)
- Public Relation Officer (PRO) : 5 (Male & female)

★ Minimum Bachelor Degree Completed.
★ Knowledge of Computer (Word/ Excel & Other Programmes).
★ Minimum 2 Years of Experience in Manpower Field.

Salary Negotiable

Drop Your CV at nicerecruitingagency1062@gmail.com

Contact No: 9803497942 / 9706414359

Nice Recruiting Agency Pvt. Ltd.
श्रम इ. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Website: nicerecruitment.org.

**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालयः**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४५४०११५/१६६
टोल फ्रि नं. १६६००-११-३०००
E-mail:customercare@kamanasewabank.com
www.kamanasewabank.com
**शाखा कार्यालयः खुरखुरे, फोन नं.: ०५६-४१९१५१/४१९१४२**

**निक्षेप रकम उपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मिति : २०८१/०९/०३

मगित पुनको नाति,गंगारास पुनको छोरा,म्याग्दी जिल्ला शिख गा.वि.स.वडा नं-०६ हाल चितवन राप्ती न.पा.वडा नं-०८ बस्ने ना.प्र.नं.२५९ जि.प्र.का. म्याग्दी,जारी मिति २०६१/०१/०८ भएका यस बैंकका निक्षेप ग्राहक श्री धन बहादुर पुनको मिति २०८१/०५/१२ गतेको दिन मृत्यु भएको भनी मृत्युदर्ताको प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित गंगारास पुनको बुहारी, धन बहादुर पुनको पत्नी, म्याग्दी जिल्ला शिख गा.वि.स.वडा नं-०६ हाल चितवन राप्ती न.पा.वडा नं-०८ बस्ने ना.प्र.नं.२५९ जि.प्र.का. म्याग्दी भएको वर्ष ६३ को चन्द्रकला पुनले यस बैंकमा रहेको खाता नं ०१५१२१०००४८१७८००००१ निक्षेप रकम भुक्तानी पाऊँ भनी निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र प्रमाण सहित यस बैंकको शाखा कार्यालय खुरखुरेमा आफ्नो हकदावी पेश गर्नुहुन प्रकाशित गरिएको छ । उक्त म्याद भित्र कसैको हकदावी पर्न नआएमा उक्त खातामा रहेको रकम नियमानुसार भुक्तानी गरिने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

'प्रगतिको आधार,कामना सेवा सँग कारोबार'

**Bedkot Municipality**
**Office of the Municipal Executive**
**Sisaiya, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

**Invitation For Bids**

**First Date of Publication: 2081/09/03**

1. The Government of Nepal (GoN) has allocated Fund to Bedkot Municipality for Sanitary Pad Procurement work, and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Procurement work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at the office of Bedkot Municipality or www.bolpatra.gov.np
3. Bidding documents may be purchased from www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) (30th day.) from the first date of publication of this notice.
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12.00hr. noon on 2081/10/04 Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Bedkot Municipality Bedkot, Kanchanpur on 2081/10/04 and 13.00hr. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of as mention below, which shall be valid for 30 days beyond the bid validity period.
6. Bid Through eg-p, they may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 1852050028240002, NIC Asia Bank, Bedkot branch.
7. If bidder wishes for Bid Bond in form of cash, in Dharauti Khata Account No : I5CA052423252403, NIC Asia Bank, Bedkot branch.
   Account Name. Dharauti Khata and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. All sanitary pads to be supplied should be only from NS marks and ISO certified companies. Also, the bidder must mention the NS / ISO Certified company name in the bid form. No action will be taken on bids that do not mention the company or partially mention it.
10. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT & PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 12/NCB/SPSW/2081/082 | Sanitary Pad Procurement Work for Bedkot Municipality, Kanchanpur | 25,43,161/06 | 72,000.00 | 3000.00 |

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**

## सम्पादकीय

# समस्या देखाउनेहरूबाटै समाधान

पोखरामा चलिरहेको अन्तर व्यवस्थापिका सम्मेलनमा नेताहरूले संघीयता कार्यान्वयनमा सहयोग पुग्नेगरी कानुन निर्माण हुन नसकेको प्रति चिन्ता जनाएका छन् । कानुन निर्माण गर्दा संघीय प्रणालीलाई बलियो बनाउने व्यवस्था गर्न नसकिएको चिन्ता गर्नेमा संघीय प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसमेत छन् । अरू सहभागीहरूमा प्रदेशसभाका सभामुख, उपसभामुख र सचिवहरू छन् । यस्तै सम्मेलन पोखरामै केही वर्ष अगाडि भएको थियो । तर, त्यसबेला मुख्यमन्त्रीहरूको बैठक बसेको थियो । गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको संयोजनमा सातै प्रदेशका मुख्यमन्त्री पोखरामा जुटेका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न उनीहरू पोखराबाट काठमाडौं आएका थिए, जबकि अन्तर परिषद् बैठकको आयोजना स्वयं प्रधानमन्त्रीले गर्नुपर्ने हो ।

तर, प्रधानमन्त्रीले अन्तरपरिषद् बैठक नबोलाएपछि मुख्यमन्त्रीहरू आफैंले दबाव सिर्जना गरेका थिए । ५ पुस २०७७ मा पुग्दा प्रतिनिधिसभाको असंवैधानिक विघटन गर्ने निर्णय ओलीले गरे, जसका कारण मुख्यमन्त्रीहरूको त्यो दबाव अभियान प्रभावित बन्यो । उल्टै मुख्यमन्त्रीहरू नै प्रदेशसभालाई कमजोर बनाउने खेलमा लागे । संघीय संसद्मा समेत विरलै देखिने सत्ता स्वार्थका चलखेल प्रदेशसभाहरूमा देखियो । एक अर्थमा स्वयं मुख्यमन्त्रीहरू र प्रदेशसभाका सदस्यहरू प्रदेशलाई बदनाम गर्ने चलखेलमा सामेल हुन पुगे । नागरिकमा प्रदेश सरकारप्रति भरोसा नदेखिनुमा प्रदेश सरकारका निम्ति भएको उदेकलाग्दो चलखेल पनि एक हो । प्रदेश सरकारप्रति नागरिक भरोसा नबढेको दोस्रो कारण मात्र बन्न बाँकी ऐन, कानुनहरू रहेको बुझ्न गाह्रो पर्दैन ।

किनकि, प्रदेश सरकारबाट नागरिकले विकासको लहर अथवा सुशासनको बलियो जग आशा गरेको देखिँदैन बरू सत्ताका निम्ति सरमलाग्दो चलखेल नहोस् भन्ने नै चाहेका देखिन्छ । यद्यपि, मुख्यमन्त्रीहरू र प्रदेशसभाका सांसदहरूले उठाएको कानुन निर्माणको एजेन्डा पनि उत्तिकै महत्त्वपूर्ण छ । जनतासँग बढीभन्दा बढी जोडिनेगरी कानुन नबनाएसम्म प्रदेश सरकार र प्रदेशसभाको आकर्षण बढ्दैन । तर, त्यस्तो कानुन निर्माणप्रति प्रदेशकै नेताहरूको प्रतिबद्धता महत्त्वपूर्ण छ किनकि ती नेताहरूमा भाषण गर्नेबेलामा संघीयता बलियो बनाउने कुरा गर्ने अनि लगत्तै सत्ता स्वार्थमा जस्तासुकै कदम चाल्ने प्रवृत्ति देखिन्छ । अझ सभामुख र राष्ट्रियसभाकै अध्यक्ष गएर जस्ता अभिव्यक्ति दिए, ती अभिव्यक्तिहरू मौसमी हुन् भन्ने बुझ्न सकिन्छ किनकि संघीय कानुन निर्माण गर्ने थलोको नेतृत्वले बलियो प्रतिबद्धता जनाउने हो भने संघीयता कार्यान्वयन गर्नेगरी कानुनहरू बनाउन थप सहयोग पुग्छ । तर, आफूलाई उक्त पदमा पुऱ्याउने दलप्रति नरम हुने प्रवृत्ति सभामुख र अध्यक्षमा पनि छ । त्यसैले संघीयता बलियो बनाउन चिन्ता गर्नेहरू नै कार्यान्वयनमा अग्रसर हुनुपर्छ ।

# यसरी फुकाउने अर्थतन्त्रको सकस

अग्रलेख



● सी. बी. बस्याल

नेपाली अर्थतन्त्र लामो समयदेखि गम्भीर संरचनात्मक संकटमा रहँदै आएको छ। विश्वमा स्थापित धेरै मानकहरू (अतिन्यून आकार र वृद्धि दर, औद्योगिक क्षेत्रको निरन्तर गत्यावरोध, चरम बेरोजगारी र श्रम पलायन, निरन्तर बढ्दो व्यापार घाटा, आधारभूत वस्तुहरूमा परनिर्भरता, निर्वाहमुखी कृषि, चरम भ्रष्टाचार, राज्यको दोहन आदि)ले हाम्रो अवस्थालाई पुष्टि गर्छ ।

सीमित स्रोत र साधन लामो समय अनुत्पादनशील क्षेत्रमा परिचालन हुँदा अर्थतन्त्रमा समस्या देखिएको छ। अत्यधिक आयातमार्फत स्रोत अर्थतन्त्रबाट बाहिरिने र आन्तरिक स्रोतचाहिँ जग्गा मौद्रीकरणमा अधिक प्रवाह हुँदा बाह्य क्षेत्र र समस्त अर्थतन्त्रमा गम्भीर चुनौती देखिएको छ ।

अर्थतन्त्रलाई सामान्यीकरण गर्ने हतारमा संकटको जडलाई यथावत् राख्ने गल्ती गरे ढिलो-चाँडो देश आर्थिक संकटोन्मुख हुन्छ । हाम्रो संकटको समाधान यही अप्ठ्यारो परिस्थितिभित्रैबाट खोज्नुपर्छ । पुरानोको ध्वंस र नयाँको निर्माण वस्तुगत आवश्यकता हो ।

पुरानो विधिले नयाँ विचारलाई खाइदिन्छ। पुरानै सोच र मान्यताले नयाँ चुनौतीलाई सामना गर्न सक्दैन । नयाँ सोचको विकास नगरी पुरानै मान्यता र अभ्यासमा बाँधिइरहनु पनि गलत हो । राजनीतिक परिवर्तनको सम्बन्ध आर्थिक वा सांस्कृतिक रूपान्तरणसँग पनि हुन्छ । राजनीतिक परिवर्तनको सम्बन्ध नाम मात्रको व्यवस्था परिवर्तनमा सीमित बनाइयो । देश र जनताको अवस्थामा परिवर्तन भएको छैन । परिवर्तनलाई देश र जनताको पक्षमा वास्तविक अर्थमा लागू गर्न सकिएन ।

७ दशकदेखि अवलम्बन गर्दै आइएको बजेट प्रणालीको गुणस्तरमा सुधार ल्याउन सकिएको छैन । राज्यका नीति, योजना तथा लक्ष्य र बजेटबीच तादात्म्य कायम हुन सकेको छैन । बजेटमार्फत नागरिक सशक्तीकरण गर्नुपर्नेमा शक्ति र दबाबका आधारमा बजेट विनियोजन गरिँदै आइएको छ ।

बजेट निर्माण र विनियोजनप्रति चासो र सरोकारको विषय गौण बन्दै गइरहेको छ । बजेट निर्माण प्रणालीलाई वैज्ञानिक अथवा वस्तुनिष्ठ बनाउन आवश्यक छ । साथै, खर्च प्रणालीलाई पनि जिम्मेवार र जनउत्तरदायी बनाउनुपर्छ । बजेटको प्रतिफललाई अंकमा होइन, आमनागरिकको जीवनयापनको गुणस्तरमा खोज्ने प्रयास गर्नुपर्छ। बजेटको प्रभावकारी खर्चमा वृद्धि गर्नतिर लाग्नु नै आजको आवश्यकता हो।

जनताको 'सेन्टिमेन्ट' राम्रो बनाउन सरकारको स्थायित्व महत्त्वपूर्ण पक्ष हो । राजनीतिक स्थिरताले मात्र आर्थिक सुधार सम्भव हुन्छ । स्थिर सरकारले नै बृहत् आर्थिक सुधारका कार्यक्रमहरू प्रभावकारी ढंगले अगाडि बढाउन सक्छ । आर्थिक सुधारका लागि सरकारको संकल्प र रणनीतिको जरुरत पर्छ ।

तर, देशमा सरकारको स्थायित्वबारे प्रश्न चिन्ह खडा भइरहने स्थिति छ। नेपाल अन्तर्राष्ट्रिय लगानीका लागि आकर्षित र सुरक्षित छ भनेर प्राविधिक रूपमै देखाउन पनि सरकारको स्थायित्व चाहिन्छ। स्वतन्त्र र सन्तुलित नीति अवलम्बन गर्न पनि राजनीतिक स्थिरता हुनुपर्छ ।

सरकार बनाउनकै लागि राजनीतिक पार्टीहरू दाउपेच र गठबन्धनको भद्दा राजनीतिमा ओर्लन्छन् । दिगो आम्दानी गर्न सकिने र राम्रो सम्भावना बोकेका क्षेत्रहरूलाई गति दिन स्थिर सरकारको विशेष भूमिका रहने तथ्यलाई भुल्न हुँदैन।

आज पनि मुलुकको दुई तिहाइ जनसंख्या कृषिमा आधारित छ। यस्तोमा कृषि क्षेत्रको नाफा बढाउन सक्नुपर्छ । यद्यपि, हामी भने पूरै आयातमा निर्भर छौं । हाम्रो आर्थिक धरातल कमजोर छ । नेपाली समाज दलाल पुँजीवादको दलदलमा फसेको छ ।

देशले अवलम्बन गरेको उदार अर्थतन्त्रले हामीलाई परनिर्भरतातर्फ धकेलेको छ । आयातीत अर्थतन्त्र र समृद्धिका कारण हाम्रा रैथाने उत्पादन पद्धति, परम्परा, संस्कृति र सामाजिक मूल्य, मान्यता उन्नत हुनुको साटो विलीन र मूल्यहीन बन्दै गएका छन् ।

जलवायु परिवर्तन, विषाक्त माटो, रोगले आक्रान्त मानव स्वास्थ्य, विषादीयुक्त खाद्य पदार्थ र बढ्दो खाद्य अभावले दैनिक जीवनलाई कष्टकर बनाउँदै लगेका छन् ।

अन्धाधुन्ध भौतिक संरचना निर्माणका कारण खेतीपाती हुने योग्य र उर्वर जमिन अतिक्रमण हुँदै छ । प्रकृतिसम्मत विकास, खेतीपाती र जैविक उत्पादन पद्धति एकादेशको कथा जस्तो बनेको छ। कृत्रिम रसायन र घातक विषका कारण माटो र मानव स्वास्थ्य बिग्रेको छ। हामी खाद्यान्न आयातमा निर्भर रहनाले स्वदेशी पुँजी बाहिरिएको छ ।

जैविक समाज निर्माण गर्न र कृषि क्षेत्रको नाफा बढाउनका लागि योजना र कार्यक्रम निर्माण गर्न अब ढिलो गर्नु हुँदैन । नागरिकलाई स्वस्थ खाना र स्वच्छ वातावरण दिन सकियो भने मात्र देशको संकटोन्मुख अर्थतन्त्र सुधारमा योगदान पुग्न सक्छ । खाद्यान्न आयातलाई प्रतिस्थापन गर्न कृषि उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ । कृषि क्षेत्र नाफामुखी भयो भने आर्थिक संकट सुधारमा टेवा पुग्ने निश्चित छ ।

उत्पादनशील क्षेत्रमा गरिने लगानीले प्रतिफल दिन्छ । प्रतिफल आएपछि साँवा र ब्याज तिर्न सक्ने अवस्था बन्छ, जसका निम्ति बजार, उद्यमशीलता, सीप, पुँजी र दिगोपनको सुनिश्चिततातर्फ ध्यान पुऱ्याउनुपर्छ ।

जग्गा अत्यधिक खण्डीकरण मात्र भएन, यसको मूल्य पनि अत्यधिक वृद्धि भएका कारण कृषिको औद्योगिकीकरण, व्यावसायीकरण र एकीकृत वा व्यवस्थित शहरीकरण हुन सकेन । सबैभन्दा ठूलो चिन्ताको विषय, राज्ययन्त्रको बागडोर सम्हाल्ने नेतृत्वकर्ताहरूले लामो समयदेखि अर्थतन्त्रमा मडारिएको संकटलाई बुझ्न सकेनन् ।

विश्वव्यापी मन्दीले रोजगारीका अवसरहरूमा आउने संकुचनको सबभन्दा प्रत्यक्ष प्रभाव नेपालको अर्थतन्त्रमा पनि पर्ने निश्चित छ । नेपाललाई विश्वको वस्तु, सेवा र मौद्रिक बजारमा बढ्दै गएको अनिश्चय र आफ्नो मुद्राको अवमूल्यनले भुक्तानी सन्तुलनमाथि ठूलै दबाब पर्न सक्छ । प्रकृतिसम्मत एकीकृत कृषि प्रणाली, यसमा आधारित पर्यटन उद्योग, नवीकरणीय स्वच्छ ऊर्जा विकास र स्थानीय समाज र संस्कृति जैविक समाज निर्माणका आधारभूत आयाम हुन् ।

दिगो समृद्धि प्राप्तिका लागि रणनीतिक मार्गचित्र, योजना र कार्यक्रम चाहिन्छ । कृषि, पर्यटन, जलस्रोत, जंगल र जडीबुटी क्षेत्रको विकासलाई प्राथमिकतामा राखेर लगानी गर्न जरुरी देखिन्छ। समृद्धि भनेको देशमा उपलब्ध साधन र स्रोतको भरपूर प्रयोग गरेर गर्ने विषय हो। बाह्य पुँजी र प्रविधिको सहायक भूमिका मात्र रहन्छ ।

| सि. नं. | कामदारको पद | माग संख्या पूरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रू | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | स.काममा दक्ष | 400 | ५७,११०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी: **E.T. Trust Employment, Limassol, Cyprus** पूर्व स्वीकृती मिति २०८१।०९।०१, चलानी नं.६०२२९७२५, Lt No.315171

| सि. नं. | कामदारको पद | माग संख्या पूरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रू | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 05 | - | काममा दक्ष | 750 | १०७,०७६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | House Boy | 05 | - | | 400 | ५७,११०।- | | | | | | | |
| 3 | Agriculture Worker | 05 | - | | 500 | ७१,३८५।- | | | | | | | |
| 2 | Domestic Worker | - | 10 | | 400 | ५७,११०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रू. ७००।- | कामदार स्वयं रू. १५००।- | रू. ३५,०००।- |

**अन्तर्वार्ता २०८१ पौष १० गते (25 December, 2024) मेनपावर कार्यालय गोगंबुमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नु होला ।

SRC JOB PLACEMENT PVT.LTD.
**S.R.C. Job Placement Pvt. Ltd.** Gov. Lic. No. 1585/079/80
Gongabu-26, KTM. Phone:- 01-5915880, 5916880, Email:- info@srcjobplacement.com


## तेह्रथुम पावर कम्पनी लिमिटेड
**बतिसपुतली, काठमाडौं**

### सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०९/०३**

यस तेह्रथुम पावर कम्पनी लिमिटेडको मिति २०८१/०९/०२ गते बसेको सञ्चालक समितिको ४७ औं बैठकले निर्णय गरेबमोजिम यस कम्पनीको सातौं वार्षिक साधारणसभा तपसिलको मिति, समय र स्थानमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभाव तथा सरोकारवालाहरुको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । अतः सम्पूर्ण शेयरधनी तथा सरोकारवाला व्यक्तिहरुलाई साधारणसभामा उपस्थित भइदिन हुन सादर अनुरोध गदर्छौं ।

**साधारणसभा हुने मिति, समय र स्थानः**
मिति : २०८१ पौष २६ गते शुक्रवार ।
स्थान : वैभव पार्टी भेन्यू, मैतिदेवी, काठमाण्डौं ।
समय : दिनको १२:३० बजे ।

**छलफलका लागि प्रस्तावित विषयहरुः**
१. आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३१, २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण सम्बन्धमा ।
५. उपरोक्त प्रस्तावहरु स्वीकृती एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि बिषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।
**६. विविध**

**साधारण सभा सम्बन्धी थप जानकारी**
१. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र देखाएर मात्र सभाकक्षमा प्रवेश गर्न पाइनेछ । प्रवेश-पत्र कम्पनीको रजिष्टर्ड कार्यालय, बत्तीसपुतली, काठमाडौंमा सम्पर्क गरी प्राप्त गर्न सक्नु हुनेछ ।
२. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४८ घण्टा पहिले अर्थात् मिति २०८१/०९/२३ गते दिनको ४:०० बजे बजे भित्र ईमेल मार्फत वा लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको बुक क्लोज हुनु अगाडीको शेयरधनी हुनु अनिवार्य छ ।
३. सातौ बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१ पौष १६ गते देखि मिति २०८१ पौष २६ गते सम्म शेयरधनी दर्ता किताब बन्द रहनेछ । उक्त मिति भन्दा अघिल्लो दिनसम्म श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई मिति २०८१ पौष १५ गते भित्र यस कम्पनीका शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाण्डौमा दाखिल खारेजका लागि प्राप्त नामसारीबाट कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
४. एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
५. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
६. साधारणसभा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, हाल बतिसपुतलीमा कार्यालय समयभित्र सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**दिपक बस्नेत, कम्पनी सचिव**

## आठवीस नगरपालिका
## नगरपालिकाको कार्यालय
**राकम कर्णाली, दैलेख**
**सम्पर्क : ९८४०५७७१७१**

### सिलबन्दी दरभाउपत्र आवह्ानको सूचना

**प्रकाशित मितिः २०८१/०९/03**

यस कार्यालयको तपशिल बमोजिमको कार्य विद्युतीय सिलवन्दी दरभाउपत्र (E-Bid) को माध्यमबाट गराउनुपर्ने भएकोले इजाजत प्राप्त व्यवसायिहरूबाट रितपूर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालको वेवसाईट http://www.aathabismun.gov.np/ मा हेर्नुहुन समेत सुचित गरिन्छ ।

| ठेक्का नं. | खरिद सम्बन्धी विवरण | अनुमानित रकम (भ्याट सक्षम वस्तुहरूको लागि भ्याट सहित) | फारम दस्तुर (रु.) | जमानत रकम (रु.) | सि.द. जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 01/SQ/AM/G/2081-082 | Procurement of Medicine | २४,६०,०००।- | १००० | ७३,०००।- | ७५ दिन | २०८१/०९/१८ मध्यान्न १२ बजे | २०८१/०९/१८ मध्यान्न २ बजे | सिलबन्दि दरभाउ (विद्युतीय आवेदन मात्र लिइने) |

**अन्य सर्तहरू :**
- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामग्रीहरूको म्याद Manufacturing Date बाट Expiry Date सम्म कुल उपभोग योग्य अवधीको कम्तीमा ७५ (पचहत्तर प्रतिशत बाँकी हुँदा स्टोर दाखिला हुनुपर्नेछ ।
- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामग्रीहरू WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरूबाट उत्पादन हुनुका साथै प्रत्येक प्याकेट बाहिर उत्पादन मिति, म्याद समाप्त मिति एवं ब्याच नम्बर उल्लेख हुनुपर्नेछ । Technical Specification, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य विभाग, व्यवस्थापन महाशाखा आपूर्ती व्यवस्थापन शाखाको वेवसाइटः https:elmis.dohslmd.gov.np/ / http://ams.dda.gov.np/ प्राविधिक स्पेशिफिकेसन अनुसार हुनुपर्नेछ ।
- सबै आईटमहरू (मूल्य अभिवृदि कर लाग्ने र नलाग्ने दुवै) को दर राख्दा मुल्य अभिवृदि कर बाहेकको दर उल्लेख गर्नुपर्नेछ ।
- यस सम्बन्धी अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वनजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

## Invitation for Bids
## Chaurjahari Municipality
## Office of Municipal Executive
**West Rukum, Karnali Province**

### Invitation for Bids No.: CJM/WORKS/NCB/08/081/082

**Date of publication: 2081/09/03**

1. Chaurjahari Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Infrastructure Chaurjahari Hospital Chaurjahari Municipality-01, Rukum west. under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Chaurjahari Municipality, Rukum, Western Rukum, Karnali Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra. gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Ltd.
   Name of Office: Chaurjahari Municipality
   Office Code no: 80659402300
   Office Account no: 4330100301010002
   Rajaswa (revenue) Shirshak no.: 14265
4. Pre-bid meeting shall be held at Chaurjahari Municipality Rukum Western Rukum Karnali Province Nepal at 2081/09/22 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Chaurjahari Municipality, Rukum, Western Rukum, Karnali Province, Nepalby hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 2081/10/04 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/10/04 12:30 at the office of Chaurjahari Municipality Rukum Western Rukum karnali Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 120000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| Contract No. | Name Of Work | Bid document fee (Non- refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| CJM/WORKS/NCB/08/081/082 | Construction of Infrastructure Chaurjahari Hospital Chaurjahari Municipality-01, Rukum west. | NRs. 3000/- | 3056833.95 | Nrs. 76500.00 |

# 'अर्घाखाँचीवासीको हितमा पत्रकारले कलम चलाउनुपर्छ'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ पुस

लुम्बिनी प्रदेशका सांसद रामजी प्रसाद घिमिरेले देश र जनता अर्घाखाँचीबासीको भलो हुने गरी सबै पत्रकारले कलम चलाएमा समाजमा हुने हरेक विकृति अन्त्य हुने बताएका छन्।

रिपोर्टर्स क्लब लुम्बिनी प्रदेशले अर्घाखाँचीको सन्धिखर्कमा आयोजना गरेको पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीहरुलाई सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै घिमिरेले यस्तो बताएका हुन्।

उनले मुलुकमा लोकतान्त्रिक गणतन्त्र संघीयता आएपछि भएको फाइदाबारे अझैं पनि जनता अन्योलमा रहेको बताउँदै गणतन्त्र र संघीयता आएपछिको फाइदा बारेमा जनतालाई जानकारी गराउन पत्रकारको कलम महत्वपूर्ण हुने भएकोले प्रदेश संरचनाको औचित्य पुष्टि हुने गरी जनतालाई बुझाउन आग्रह गरे। घिमिरेले लुम्बिनी प्रदेश मानव सूचकांकको दृष्टिकोणले पछाडि रहेको भन्दै प्रदेशमा देखिएका समस्यालाई सञ्चार माध्यम ले उजागर गरी जनताको सामु छर्लंग पार्नुपर्नेमा जोड दिए।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री बिष्णु प्रसाद खनाल मुस्कानले पत्रकारहरु आवाजविहीनको आवाज बनेर जनताको सारथी बन्नुपर्ने बताए। मुस्कानले पत्रकार हरुले आफुलाई परिमार्जित गर्दै अघि बढ्नुपर्ने धारणा व्यक्त गरे। लोकतन्त्रलाई बलियो बनाउन पनि पत्रकारिता क्षेत्रले भूमिका खेल्नुपर्ने मुस्कानको भनाइ छ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति हरि प्रसाद भुसालले राज्यले गर्ने कामकाजको निगरानी गर्ने काम पत्रकारको रहेकाले पत्रकारले निष्पक्ष रूपमा आफ्नो कलम चलाउनुपर्ने धारणा राखे। कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका कोषाध्यक्ष प्रेमनारायण आचार्यले समाजमा देखिएका विकृति विसंगति विरुद्धमा पत्रकार महासंघलेको अगुवाइमा कलम चलाउनुपर्ने बताउँदै तिनै तहका सरकारले प्रवाह गर्ने सेवा अझैं पनि प्रभावकारी हुन नसकेकाले त्यसतर्फ आफ्नो कलममार्फत भूमिका खेल्ने बताए।

कार्यक्रममा पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष गणेश खनालले हरेक क्षेत्र तथा निकायमा भ्रष्टाचार अनियमितता मौलाएको भन्दै त्यसको नियन्त्रणका लागि जवाफदेही पत्रकारिताको माध्यमबाट कलम चलाउन पत्रकारहरुलाई अनुरोध गरे।

कार्यक्रममा पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य राधा नेपालीले




सामाजिक सञ्जालको दुरुपयोगले मिडिया र प्रेस जगतमा चूनौती थपेको बताइन्।

**पत्रकार महासंघ अर्घाखाँचीका पदाधिकारीद्वारा पदभार ग्रहण**

नेपाल पत्रकार महासंघ अर्घाखाँची जिल्ला कार्य समितिसहित नवनिर्वाचित केन्द्रीय परिषद् सदस्य, प्रदेश परिषद् सदस्य तथा कार्यसमितिका सदस्यहरुले पद तथा गोपनीयताको सपथ लिएको चौथो दिन पदभार ग्रहण तथा पद हस्तान्तरण गरेका छन्।

मुख्य निर्वाचन अधिकृत बिष्णु प्रसाद भुसालले नवनिर्वाचित जिल्ला कार्यसमितिका पदाधिकारी, सदस्य एवम् प्रदेश परिषद् सदस्य र केन्द्रीय परिषद् सदस्यहरुलाई आ-आफ्नो पद तथा गोपनीयताको सपथ यसअघि शनिबार गराएपछि अध्यक्षसहित पदाधिकारीले पदभार ग्रहण तथा पद हस्तान्तरण गरेको पत्रकार महासंघ अर्घाखाँचीका जिल्ला सचिव लक्ष्मण घिमिरेले जानकारी दिए। अर्घाखाँची महासंघको जिल्ला कार्यसमितिमा निर्वाचित भएका अध्यक्ष गणेश खनाल, उपाध्यक्ष अम्बिका बेल्वासे, सचिव लक्ष्मण घिमिरे, कोषाध्यक्ष नवीन केसी, सहसचिव घनश्याम पौडेल र समावेशी सह-सचिव बसन्त श्रेष्ठलेसहितका सदस्य पदाधिकारीले पदभार ग्रहण गरेका हुन्।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष गणेश खनालले प्रेस स्वतन्त्रताका लागि पत्रकार महासंघले सशक्त भूमिका निर्वाह गर्ने बताए। पत्रकारिता क्षेत्रलाई मर्यादित व्यवस्थित बनाउन र पत्रकारहरुको व्यक्तिगत आचरण तथा क्षमता विकासका लागि आफुले योजनाबद्ध ढंगबाट काम गर्ने उनले बताए। खनालले पत्रकारिता क्षेत्रको विकासका लागि तीनै तहका सरकारसँग समन्वय गरी विभिन्न खालका तालिमहरु सञ्चालन गर्ने, फिचर लेखन तालिम दिने जस्ता महत्वपूर्ण काम गर्ने दाबी गरे। उनले पछिल्लो समय पत्रकारितामा देखिएको विकृति अन्त्यका लागि पहल गर्ने जिकिर गरे।

उक्त अवसरमा नेपाल पत्रकार महासंघ अर्घाखाँचीका निवर्तमान अध्यक्ष तथा अध्यक्ष पदका प्रत्यासी अशोक खनालले पत्रकारिताको विकासका लागि जिल्लामा रहेका सबै क्रियाशिल पत्रकारहरू एकजुट हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका कोषाध्यक्ष प्रेम नारायण आचार्यले व्यवसायिक पत्रकारिताका लागि राज्यले पत्रकारलाई हेर्ने दिष्टिकोण बदल्नुपर्ने बताए। उनले पत्रकारिता क्षेत्रभित्र बढ्दै गएको विकृति, विसंगतीको अन्तयका लागि पत्रकार महासंघले भूमिका खेल्ने बताए। कार्यक्रममा नेपाल पत्रकार महासंघ अर्घाखाँचीका पूर्व अध्यक्ष तथा लुम्बिनी प्रदेश सदस्य हिम जिसी लेकालीले नेपाली पत्रकारिता र मिडिया उद्योगले भोगिरहेका समस्या समाधान गर्दै पत्रकारिताको वृहत्तर हित र विकासका लागि नीतिगत नेतृत्व तथा व्यावहारिक सक्रियताका साथ महासंघको समग्र दायित्व पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे।

## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दुधौली, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८१/०९/०३)**

मिति २०८/०७/०७ www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम तपशिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत रीतपूर्वक दर्ता भएका बोलपत्रहरुको मूल्यांकन एवंम परीक्षण गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ७ बमोजिम सारभूतरुपमा प्रभावग्राही बोलपत्र भएका र प्राबिधिक मूल्यांकनमा सफल बोलपत्रहरुमध्येबाट देहायमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्र भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गर्न लागिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई र सरोकारवालहरुमा ७ (सात) दिने आशयको सूचना जारी गरिएको छ।

**तपशिल**

| सूचना प्रकाशन मिति | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम/ठेगाना | कबोल अंक रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 2081/09/3 | 08/NCB/WORKS/ DMUN/2081-082 | Bhrihat Khanepaani Aayojana ward no 4 | Samyak Construction | 95,08,722.47 |

**प्रमुख प्रशासकीय अधिकृत**

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, अमरगढीको ३५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/०९/०३ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम र ठेगाना : |
|---|---|
| १ | सुदूरपश्चिम प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, डडेल्धुरामा उद्योग दर्ता नं. ८३/४५४३/२०८०/०८१ कायम भई मिति २०८०/०७/१९ मा दर्ता भएको डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ०५ स्थित **श्री आरध्या कृषि तथा पशुपंछी बिकास फर्म ।** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १ | भोज कामीको छोरी, राम बहादुर चुनाराको श्रीमती, डडेल्धुरा जिल्ला, अजयमेरू गा.पा. वडा नं. २ बस्ने माया देवी चुनारा । |
| २ | प्रताप चुनाराको नाती, पदमे चुनाराको छोरा, डडेल्धुरा जिल्ला, अजयमेरू गा.वि.स. वडा नं. ९ बस्ने राम बहादुर चुनारा । |
| ३ | प्रताप चुनाराको नाती, पदमे चुनाराको छोरा, डडेल्धुरा जिल्ला, अजयमेरू गा.वि.स. वडा नं. ९ बस्ने बिर बहादुर चुनारा । |
| ४ | टेक बहादुर टमोटाको छोरी, बिर बहादुर चुनाराको श्रीमती, डडेल्धुरा जिल्ला, नवदुर्गा गा.पा. वडा नं. १ बस्ने पार्वती ताम्राकार । |
| ५ | मनोज पार्कीको छोरी, पदमे चुनाराको श्रीमती, डडेल्धुरा जिल्ला, अजयमेरू गा.वि.स. वडा नं. ९ बस्ने वासु देवि चुनारा । |
| **धितो सुरक्षणको विवरण :** | |
| १ | राम बहादुर चुनाराको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेस्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलंगा गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २) को कित्ता नं. ७५० को ०-१४-३-२ रोपनी क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**सानिमा बैंक** www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## नबिल बैंक लिमिटेड, सिमरा शाखा, बाराको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०९/०३)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।
धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा मिति २०७५/१०/२७ मा प्रा.फ.र.नं. ७४०२/०७५/७६, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **आकाशवाणी इम्पोरियम ।**<br>ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. १।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>खगेश्वर पाध्याकी छोरी भिम प्रसाद पराजुलीकी बुहारी धनपती पराजुलीकी श्रीमति पर्वत जिल्ला, रानीपानी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. १८२९८ (जारी मिति २०५४/७/४, स्थान पर्वत) भएकी **सरस्वती देवी शर्मा ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | हरिलाल पराजुलीको नाति भिम प्रसाद पराजुलीको छोरा पर्वत जिल्ला, रानीपानी गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १ बस्ने, ना.प्र.नं. ३६३५ (जारी मिति २०५०/१०/२०, स्थान पर्वत) भएका **धनपती पराजुली ।** |
| २ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | औद्योगिक व्यवसाय ऐन २०७३, बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, (बारा) नेपालमा मिति २०७७/११/१० मा उद्योग दर्ता नं. ९४२०/१०५०/०७७/७८ अन्तर्गत दर्ता भएको **विकल पशुपालन फार्म ।**<br>ठेगाना : बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>भरत बहादुर अधिकारीकी छोरी टंक बहादुर रेग्मीकी बुहारी जयन्द्र बहादुर रेग्मीकी श्रीमति बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ३३१५५२१/१४३२ (जारी मिति २०६१/८/३०, स्थान बारा) भएकी **कमला रेग्मी ।** |
| | **व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | १. लोक बहादुर रेग्मीको नाति टंक बहादुर रेग्मीको छोरा बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ३३६९५३ (जारी मिति २०५८/१/९, स्थान बारा) भएका **जयन्द्र वहादुर रेग्मी ।**<br>२. टंक बहादुर रेग्मीको नाति जयन्द्र बहादुर रेग्मीको छोरा बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ३३-०२-७७-००७४० (जारी मिति २०७७/०७/०३, स्थान बारा) भएका **बिनय रेग्मी ।** |
| ३ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | भरत बहादुर अधिकारीकी छोरी टंक बहादुर रेग्मीकी बुहारी जयन्द्र बहादुर रेग्मीकी श्रीमति बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ३३१५५२१/१४३२ (जारी मिति २०६१/८/३०, स्थान बारा) भएकी **कमला रेग्मी ।** |
| | **ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | लोक बहादुर रेग्मीको नाति टंक बहादुर रेग्मीको छोरा बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ३३६९५३ (जारी मिति २०५८/१/९, स्थान बारा) भएका **जयन्द्र वहादुर रेग्मी ।** |

| | तपसिल |
|---|---|
| | **विकल पशुपालन फार्म र कमला रेग्मीको संयुक्त धितोको विवरण** |
| | **धितोको विवरणः**<br>बारा जिल्ला, निजगढ न.पा. वडा नं. ९ स्थायी घर भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ८ बस्ने, **कमला रेग्मी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, निजगढ न.पा. वडा नं. ७, नक्सा सीट नं ७ मा अवस्थित कि.नं. १०९९ क्षेत्रफल ०-१-१७ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ४ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | सेर बहादुर तामाङकी छोरी जित बहादुर तामाङकी बुहारी अदत बहादुर तामाङकी श्रीमति बारा जिल्ला, पिप्रासिमरा गा.वि.स. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. ७४१६ (जारी मिति २०५८/६/७, स्थान बारा) भएकी **फुल माया तामाङ ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | किर्तमान तामाङको नाति जित बहादुर तामाङको छोरा बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २ बस्ने, ना.प्र.नं. २९७/७३५४०६४९ (जारी मिति २०५३/११/०९, स्थान बारा) भएका **अदत बहादुर तामाङ ।** |
| ५ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४, बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा मिति २०७८/०१/१२ मा प्रा.फ.र.नं. १०९३४/०७७/७८, स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **शान्ती किराना तथा स्टेशनरी ।**<br>ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. १८।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>गणेश बहादुर फुयालकी छोरी, ज्योती बहादुर देवकोटाकी बुहारी, आनन्द बहादुर देवकोटाकी श्रीमति, बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. २११३० (जारी मिति २०५७/१/११, स्थान बारा कलैया) भएकी **शान्ती देवकोटा ।** |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | ज्योती बहादुर देवकोटाकी नातिनी, आनन्द बहादुर देवकोटाकी छोरी, बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, ना.प्र.नं. ३३१०६९/५०१८३ (जारी मिति २०७१/०२/२०, स्थान बारा) भएकी **आकृती देवकोटा ।** |
| | **धितोको विवरण** |
| | बारा जिल्ला, मनहर्वा गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. १८ बस्ने, **आकृती देवकोटा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला, भोडहा गा.वि.स. वडा नं. ६, नक्सा सीट नं ६गा मा अवस्थित कि.नं.१५४६ क्षेत्रफल ०-१-८ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**सिसैया, कन्चनपुर**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**(प्रकाशित मितिः २०८१/०९/०३)**

बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिसैया, कन्चनपुरबाट मिति २०८१/०७/०१ गतेको मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित Construction of Cold Store (Superstructure works) BED/NCB/BW/081/82-02 Single Stage Two Envelope बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार निर्धारित समय भित्र विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा तपशिल बमोजिमको मिति, समय, र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी एवम उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः-**

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| BED/NCB/ BW/081/82-02 | Construction of Cold Store (Superstructure works) | १. M/S JAYA LAXMI-CCS JV MAHENDRANAGAR KANCHANPUR<br>२. M/S SUNRISE-LG JV DHANGADHI 3 KAILALI<br>३.M/S PP NIRMAN SEWA POKHARICHAURI 8 KAVRE |

आर्थिक प्रस्ताव खोल्ने मितिः-२०८१-०९-११ गते दिनको १ बजे
स्थानः बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिसैया, कन्चनपुर

**प्रमुख प्रशासकीय अधिकृत**

# 'दुःखी आत्मा'को पोस्टरमा रोमान्टिक दयाहाङ र आँचल




**काठमाडौं/मस–** दीपेन्द्र लामा लिखित तथा निर्देशित फिल्म 'दुःखी आत्मा'को फर्स्ट लुक पोस्टर सार्वजनिक भएको छ । विभिन्न ३ डिजाइनका पोस्टरमध्ये एउटामा दयाहाङ राई मात्र फिचर्ड छन् । एउटा पोस्टरमा अभिनेता राई र अभिनेत्री आँचल शर्मा रोमान्टिक देखिएका छन्, जसमा दयाहाङले आँचलको निधारमा चुमेका छन् ।

एक पोस्टरमा दयाहाङले हेडफोन लगाएर मोबाइलमा केही हेरिरहेका देखिन्छ । तेस्रो पोस्टरमा भने दयाहाङ र आँचलसहित अनुपविक्रम शाही, बुद्धि तामाङ, अशान्त शर्मा, लोकेन्द्र लेखक र रेअर राई पनि चित्रित छन् ।

२ फागुनदेखि रिलिजमा आउने यो फिल्मको पोस्टरले दर्शकलाई फिल्मबारे उत्सुकता जगाउने अपेक्षा निर्माण पक्षको छ । क्लक वर्क क्रियसनको ब्यानरमा निर्माण भएको यो फिल्ममा हिमाल कडरियाको लगानी छ ।

सुदीप ढकाल कार्यकारी निर्माता रहेको यो फिल्ममा श्रवण मुकारुङका १० पेचिला कविता पनि समावेश गरिएको छ । आलोक शुक्लाको डीओपी रहेको यो फिल्ममा निमेष श्रेष्ठको सम्पादन छ ।

# कर्णराज र एलिनाले ल्याए 'मनमा फुल्ने माया'




**काठमाडौं/मस–** गायक कर्णराज गिरी र गायिका एलिना चौहानको स्वरमा रहेको गीत 'मनमा फुल्ने माया' सार्वजनिक भएको छ । सन्तोषजंग थापाको शब्द, मनोज डंगोलको संगीत रहेको गीतमा मनोज डंगोलको एरेन्ज तथा मिक्सिङ र मास्टरिङ छ । गीतको भिडियोमा राज आरएस कार्की र एलिसा न्यौपानेको अभिनय छ । भिडियोमा राज र एलिसाले एकअर्कालाई गर्ने मायाको कथा देखाइएको छ । सुन्दर लोकेसनमा छायांकन गरिएको भिडियोमा राज र एलिसाको जोडी निकै सुहाउँदिलो देखिएको छ । भिडियोमा निराजन के. सी.को क्यामरा, ड्रोन, सम्पादन र कलर, अनिताको मेकअप, हेमन्त लामिछानेको कोरियोग्राफी तथा जगत् रेग्मीको निर्देशन छ ।

# 'एक्टर'को 'चिरी च्याट्ट बरिलै' सार्वजनिक

**काठमाडौं/मस–** प्रदर्शन मिति नजिकिएसँगै चलचित्र 'एक्टर'को प्रचार, प्रसारलाई निर्माण पक्षले तीव्रता दिएको छ । यसै शिलशिलामा आगामी ४ माघदेखि देशभर एकसाथ प्रदर्शनमा आउने चलचित्र 'एक्टर'को रोमान्टिक गीतको भिडियो ओएसआर डिजिटलमार्फत सार्वजनिक गरिएको छ ।

रीता रायमाझीको शब्द, मनोहरि थापा र सुनिता कार्कीको स्वर रहेको गीतका संगीतकार सम्राट थापा हुन् । भिडियोमा प्रिन्स थापा र कविता नेपालीलाई मुख्य भूमिकामा देखाइएको छ ।

नेपाल डाइस्पोरा इन्टरटेनमेन्टको प्रस्तुति रहेको 'एक्टर' आधुनिक परिवेश,




प्रेम, रोमान्स, थ्रिलर्स सस्पेन, मनोरञ्जनपूर्ण चलचित्र बनेको निर्माता थापाले बताए ।

'एक्टर'मा प्रिन्स थापा, शिवानी गिरी, कसिस दाहाल, कृष्ण मल्ल, सरोज खनाल, शिबु शाह, निशा के. सी. भण्डारी, महेन्द्र मैनालीलगायतका कलाकारको अभिनय छ भने चलचित्रमा सम्राट थापाको कथा तथा संगीत छ ।

यसमा सम्राट बस्नेतको द्वन्द्व, माइकल चन्दको नृत्य, युवराज राई र डम्बर राईको छायांकन, मदन घिमिरेको निर्देशन छ ।

## Bhairabi Rural Municipality
## Office of Rural Municipal Executive
**Bhairikalikathum, Dailekh**

**Date of publication: 2081/09/02 (17-Dec-2024)**

1. Bhairabi Rural Municipality office invites electronic bids from Nepalese eligible bidders for the following Project Under tender and Sealed quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhairabi Rural Municipality Bhairikalikathum, Dailekh phone no 9858068668 email bhairabimun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Eligible Bidder Must be Submission of a written application, along with the copy of company/firm registration certificate, Business Registration Certificate, Declaration letter, letter of bid Through PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document of NRs.1,000.00(one thousand Rupees Only) in the Project's Rajaswa(revenue) account as specified below and Scanned copy (pdf format) of the bank deposit voucher should be uploaded by the bidder atthe time of electronic submission of the bid.
5. Information to deposit the cost of bidding document in Bank:
   **Name of office** : **Bhairabi Rural Municipality Bhairikalikathu Dailekh.**
   **Name of Bank** : **Himalayan Bank ltd. Bhairabi Dailekh Branch.**
   **Bank Account No** : **26550739280107**
   **Office Code No** : **14229**
6. Pre-bid meeting shall be hels at Bhairabi Rural Municipality, Dailekh Karnali Provience Nepal at 2081/09/10 13:00 hours.
7. Electronic bids must be submitted to the office Bhairabi Rural Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Bhairabi Rural Municipality Bhairikalikathum Dailekh. Bids must be valid for a period of45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in caseof e-bid, amounting to a minimum of Below Mentioned which shall be valid for 30 days beyond the validity period of the bid security inthe form of cash should be deposited (Dharauti) Account as 26550739280093 at Himalayan Bank ltd. Branch office Bhairabi 4 Silangi Dailekh.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the lastdate. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract Id. No. | Name of Project | Cost Estimate (Exclusive Vat and contengencies) NRs. | Bid Security Amount (NRs) | Deadline for Bid submission Date and time | Bid Opening Date and Time | Bid Document Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/SQ/GOODS/ 2081-2082-04 | Procurement and Supply of Sanitary Pad | 1398375.00 | 35000 | 2081/09/17 (01-jan-2025) 12:00 hrs. | 2081/09/17 (01-jan-2025) 13:00 hrs. | 1,000 |
| 2. | BRM/SQ/WORKS/ 2081-2082-02 | Masalanda Purchases for Bhairabi Rural Municipality 2081-2082 | 1998405.00 | 57000 | 2081/09/16 (31-Dec-2024) 12:00 hrs. | 2081/09/16 (31-Dec-2024) 13:00 hrs. | 1,000 |

**Chief Administrative officer**

**Government of Nepal (GoN)**
**Ministry of Urban Development**
## Department of Urban Development and Building Construction
## Project Office of Urban Development and Building Construction
**Manthali, Ramechhap**

## Invitation for Bids- IFB: 04/081/82

**Date of publication: 2081/09/03**

Project Office of Urban Development and Building Construction (PUDBC), Ramechhap invites electronic bids from eligible bidders for the following work under NCB Single Stage Single Envelope bidding procedure. Bidders may obtain further information from the PPMO web portal www.bolpatra.gov.np/egp

| S. N. | IFB No. | Name of Project | Total Estimate Amount (Including PS and VAT) NRs. | Document Fee NRs. | Bid Security NRs. |
|---|---|---|---|---|---|
| 1 | PUDBC/RAMECHHAP/ NCB/WORKS-20/081/82 | Construction of Building in Natural Resource Management College at Kapilakot, Marin Rural Municipality-07, Sindhuli | 96,57,188.23 | 3,000.00 | 2,42,000 |
| 2 | PUDBC/RAMECHHAP/ NCB/WORKS-21/081/82 | Construction of B.P. Smriti Building and Infrastructure at Manthali Municipality | 96,57,661.83 | 3,000.00 | 2,42,000 |
| 3 | PUDBC/RAMECHHAP/ NCB/WORKS-22/081/82 | Upgrading of Likhu Corridor-Patle Rakhalbari-Ratadanda-Ward Office Road at Ramechhap Municipality-01 | 1,66,24,075.20 | 3,000.00 | 4,20,000 |
| 4 | PUDBC/RAMECHHAP/ NCB/WORKS-23/081/82 | Upgrading of Chyauke Thati-Gaitar-Bhalukhop Road at Ramechhap Municipality-06, Ramechhap | 96,57,709.82 | 3,000.00 | 2,42,000 |

**Project Chief**

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, मलेखु शाखाको १५ दिने सार्वजनिक सूचना ।।

**(प्रकाशित मिति : २०८१/०९/०३ गते)**

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल बैशाख महिना २५ गतेको "राजधानी" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल भाद्र २१ गतेको "अन्नपूर्ण पोस्ट्" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी २१ दिने सूचना प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा कुनै शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावे बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम, थर र ठेगाना : |
|---|---|
| १. | फत्त बहादुर परियारको नाति, एकराम परियारको छोरा, गोरखा जिल्ला, पालुङटार गा.वि.स./उ.म.न.पा. वडा नं. ०४ बस्ने **सुजन परियार ।** |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना :** | |
| १. | टुल्के दमाईको छोरी, सुजन परियारको श्रीमती, गोरखा जिल्ला, सिरानचोक गा.पा. वडा नं ०६ बस्ने **विन्दा परियार ।** |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **सुजन परियारको** नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको धादिङ जिल्ला, बेनिघाट गा.वि.स./न.पा. वडा नं. ६ स्थित नक्सा सिट नं. ६च को कित्ता नं. २६६ को ०-४-०-० (रो.आ.पै.दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरूः**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय मलेखुमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल पौष महिना १७ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पौष महिना २१ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## कतार, साउदी र ओमनमा रोजगार

**कम्पनीः DIYA BEAUTY SALON** **शहरः Doha**
पूर्व स्वीकृत मितिः २०८१/०५/२१ चलानी नं.: ६०२२४९०३ L.T. No.: 310345 पुन विज्ञापन

